# ङादी ग्रुप पावर लिमिटेडको
## एघारौं वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

१. बैधानिक सभा:

यस कम्पनीको संचालक समितिको मिति २०८१/०५/१८ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार आज मिति २०८१/०६/१३ गते आइतबार यस ङादी ग्रुप पावर लिमिटेडको एघारौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष डा.भोगेन्द्र कुमार गुरागाईज्यूको अध्यक्षतामा बैठक वसी देहाय वमोजिमको काम कारवाही सुसम्पन्न भयो ।

२. सभाको मिति, समय र स्थान:

मिति : २०८१/०६/१३ गते आइतबार (तदनुसार सेप्टेम्वर २९, २०२४) ।

स्थान : लर्ड पार्टी भेन्यू, धुम्वाराही चोक, काठमाण्डौं ।

समय : विहान ९:०० बजे ।

३. सभाको सूचना प्रकाशन:

कम्पनी ऐन, २०६३ को प्रावधान अनुरुप यो कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन सहित एघारौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले प्राप्त गर्ने गरी कम्पनीको वेभसाइट www.ngpl.com.np मा प्रकाशित गरिएको तथा सभाको सूचना पहिलो पटक मिति २०८१/०५/२० र दोस्रो पटक मिति २०८१/०५/२१ को नयाँ पत्रिका दैनिकमा प्रकाशित गरिएको ।

४. छलफलको विषय सूची:

**साधारण सभाका प्रस्तावहरु :**

**(क) सामान्य प्रस्तावहरु:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) आ.व.२०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०८१/०८२ को लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ती एवं निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) आ.व.२०८०/०८१ म संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने ।

(५) संस्थागत सुसाशन प्रतिवेदन सम्बन्धमा ।

(६) हकप्रद शेयर सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

(१) कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्ने ।

(२) कम्पनी गाभ्ने, गाभिने वा प्राप्ती गर्ने सम्बन्धमा ।

(३) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा नियामक निकायवाट कुनै फेरबदल, संसोधन, थपघट गर्नुपर्ने सुझाव प्राप्त भएमा तथा कम्पनी गाभ्ने, गाभीने तथा प्राप्ती गर्ने सम्वन्धमा आवश्यक सम्पुर्ण कार्य गर्न संचालक समितीलाई अख्तियारी दिने ।

(४) लगानी सम्बन्धमा

**(ग) विविध ।**

५. उपस्थिति :

संचालक उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | डा.भोगेन्द्र कुमार गुरागाई | अध्यक्ष | उपस्थित |
| २. | श्री रविन सुवेदी | संचालक | उपस्थित |
| ३. | श्री रिली गुरुङ्ग | संचालक | उपस्थित |
| ४. | श्री सुधांशु तुलस्यान | संचालक | उपस्थित |
| ५. | श्री रन्जु अधिकारी | संचालक | अनुपस्थित |
| ६. | श्री लक्ष्मी शोभा गोसाईं | स्वतन्त्र संचालक | उपस्थित |

पदाधिकारी उपस्थिति :

श्री सुदिप बासकोटा — प्रमुख कार्यकारी अधिकृत

अन्य उपस्थिती :

जी पौड्याल एण्ड एशोसिएट्सका प्रतिनिधि श्री घनश्याम पौड्याल, चार्टड एकाउन्टेन्ट

श्री अनुज न्यौपाने — चार्टड एकाउन्टेन्ट

६. शेयरधनीहरुको उपस्थिती :

गणपुरक संख्या:

| विवरण | कुल संख्या | उपस्थित शेयर संख्या | स्वयम् तथा प्रतिनिधी मार्फत उपस्थित | जम्मा | जम्मा भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | १८५१२७९२ | ९३९५२४१ | ४१३ | ४१३ | ५०.७४ प्रतिशत |

७. सभाको बैधानिकता:

यो सभा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको बैधानिकता यकिन गर्नु पर्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सुचना जारी गरी सभा बोलाइएकोले र दफा ७३(२) वमोजिम गणपुरक संख्या पुगेको हुँदा सभा बैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडि बढाइयो ।

८. सभाको अध्यक्षता र सभा संचालन:

संचालक समितिका अध्यक्ष डा.भोगेन्द्र कुमार गुरागाई ज्यूले नवौं वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

९.एघारौं वार्षिक साधारण सभामा अध्यक्षको मन्तव्य तथा संचालक समितिको प्रतिवेदन प्रस्ताव तथा अन्य प्रस्तावहरुको प्रस्तुती :

९.१ अध्यक्षको मन्तव्य तथा एघारौं वार्षिक प्रतिवेदन प्रस्तुती :
अध्यक्ष तथा सभाका सभापति डा.भोगेन्द्र कुमार गुरागाई ज्यूले संचालक समितिबाट तयार वार्षिक प्रतिवेदन सहितको अध्यक्षज्यूको मन्तव्य सभामा प्रस्तुत गर्न भयो ।

९.२ बार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित विषयहरु अर्न्तगत सामान्य प्रस्ताव तर्फ प्रस्तुत छलफलका विषयको प्रथम प्रस्तावमा रहेको एघारौं वार्षिक प्रतिवेदन सभाका अध्यक्ष डा.भोगेन्द्र कुमार गुरागाईले सभामा प्रस्तुत गर्नु भयो ।

९.३ लेखापरीक्षण प्रतिवेदन समेतको हिसाब प्रस्तुती :
कम्पनीका अध्यक्षज्युले आ.व.२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेतको हिसाब यो एघारौं वार्षिक साधारण सभा समक्ष छलफलका लागि प्रस्तुत गर्नु भयो ।

१०. छलफलको लागि आव्हान :

सो वार्षिक प्रतिवेदनको प्रस्तुती पछि सभाका सभापतिले शेयरधनी महानुभाबहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका अन्य बिषयमा आफ्ना जिज्ञासा, मन्तव्य सुझाव प्रस्तुत गर्न आमन्त्रण गर्नुभयो ।

**धन्यवाद, जिज्ञासा मन्तव्य तथा सुझावहरुको निम्न वमोजिम प्रस्तुतीकरण :**

सभामा निम्न लिखित शेयरधनी महानुभावहरुले आ-आफ्ना जिज्ञासा तथा सुझावहरु सभामा व्यक्त तथा पेश गर्नुभयो ।

(१) श्री जगन्नाथ आचार्य
(२) श्री उद्धव प्रसाद घिमिरे
(३) श्री शत्रुघन श्रेष्ठ
(४) श्री गोविन्द वहादुर के.सी.
(५) श्री चन्द्र नारायण श्रेष्ठ
(६) श्री वैजुनाथ रोनियार
(७) श्री सुदिप श्रेष्ठ
(८) श्री डमरु बल्लभ घिमिरे
(९) श्री ईन्द्र प्रसाद लामिछाने
(१०) श्री लक्ष्मण वहादुर श्रेष्ठ

(११) श्री निरुपमा गुप्ता
(१२) श्री जगत आर्चाय
(१३ डा. रामजी पंडित

शेयरधनीहरुले आगामी वर्षहरुमा कम्पनीले आफ्ना शेयरधनीहरुलाई डबल डिजिट (Double Digit) सम्मको डिभिडेन्ड(Dividend) वितरण गर्नेमा आशावादी रहेको धारणा व्यक्त गर्नुभयो । कम्पनीले सम्मान जनक र फाइदा जनक अवस्थामा मात्र अन्य कुनै कम्पनीसँग मर्ज(Merge) गर्नुपर्ने सुझाव दिनुभयो । कम्पनीले हकप्रद शेयर जारी गर्न लागेकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा कम्पनीले राम्रो नाफा दिनेमा विश्वस्त रहेको बताए । कम्पनीले राम्रा आयोजनाहरुमा लगानी गर्नु पर्ने बताउँदै यस कम्पनीले अन्य जलविद्युतको तुलनामा राम्रो गरेको भन्दै सन्तोष व्यक्त गरे । कम्पनीका शेयरधनीहरुले कम्पनीले हकप्रद बाट प्राप्त रकम ऋण तिर्न तथा लगानी गर्न प्रयोग गर्नु पर्ने बताउँदै छिटो ऋण तिरेमा शेयरधनीहरुका लागि राम्रो प्रतिफल प्राप्त गर्ने बताए । कम्पनीले बार्षिक प्रतिवेदनमा ग्राफिक चार्ट राख्दा अझ राम्रो प्रस्तुती हुने सुझाव व्यक्त गरे । शेयरधनीहरुले मर्जर एक्विजिसन आजको आवश्यकता बन्दै गएको र हाइड्रोपावरहरु मर्जरमा जानुअघि पर्याप्त छलफल गर्नुपर्ने बताउँदै यस प्रस्तावलाई अर्को सभामा प्रस्तुत गर्न समेत जोड दिए। शेयरधनीहरुले कम्पनीको वार्षिक प्रतिवेदनमा ग्राफचार्ट राख्दा राम्रो हुने र यसले कम्पनीको Strength लाई सहजै बुझिने धारणा व्यक्त गरे। कम्पनीले आउँदा बर्षहरुमा अझ धेरै प्रतिफल लाभांश दिन सकोस् भन्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गरे। असोज ११ र १२ गते परेको अविरल र भारी वर्षाको कारण कम्पनीको जलविद्युत आयोजनामा के-कति क्षति र असर परेको छ सो सम्बन्धमा सभामा जिज्ञासा व्यक्त गर्दै सभामा उपस्थित सवै शेयरधनी महानुभावहरुले कम्पनीको प्रस्तुत वार्षिक प्रतिवेदनमा सहमति जनाउनु भयो ।

११. उल्लेखित जिज्ञासा उपर सभाका अध्यक्ष डा.भोगेन्द्र कुमार गुरागाईले शेयरधनीहरुबाट प्रस्तुत जिज्ञासाहरुको जवाफहरु दिनुभयो ।

मुख्य मुख्य जवाफहरुको विवरण निम्न अनुसार छ :

- शेयरधनी महानुभावहरुले सभामा सक्रिय भई सहभागिता जनाउनु भएकामा तथा सभामा प्रस्तुत गर्नु भएका सुझावहरुका लागि हार्दिक आभार र धन्यवाद दिनुभयो । कम्पनीका आयोजना व्यवस्थापन लगायतमा भएका खर्चहरुले गर्दा कम्पनीको खर्च बढ्न गएको र आगामी दिनहरूमा खर्च कटौती गर्नका लागि आवश्यक कदमहरू चाल्ने जानकारी बताउँदै कम्पनीले मितव्ययीता र वित्तीय अनुशासनमा विशेष ध्यान दिने जानकारी दिनु भयो । विगतका वर्षहरूमा कम्पनीले शेयरधनीहरुलाई राम्रो प्रतिफल दिएको बताउँदै हालका चुनौतीहरूलाई सामना गर्दै शेयरधनीहरूलाई आउँदा वर्षहरुमा कम्पनीको मुनाफा सुधार गर्दै शेयरधनीहरूलाई सकेसम्म डबल डिजिटमा लाभांश वितरण गर्ने आशा रहेको धारणा व्यक्त गर्नुभयो । यस वर्ष कम्पनीले हकप्रद शेयर निश्कासनका लागि विशेष साधारण सभाबाट स्विकृत भई धितो पत्र बोर्डमा दर्ता भई प्रक्रियामा रहेको जानकारी दिनुभयो । कम्पनीले सम्पुर्ण शेयरधनीहरुको सुझावलाई मनन गर्दै कार्य गरिरहेकोले अर्को वर्ष लाभांश दिन सक्ने अवस्थामा पुग्ने जानकारी गराउनु भयो । असोज ११ र १२ गते आएको अविरल र भारी वर्षाले आयोजनामा केही सामान्य क्षती गरेको प्रारम्भिक विवरण आएको र थप विवरण आउन बाँकी रहेको हुँदा थप क्षति र

Ngadi Group Power Limited ngpl Kathmandu

असरको बारेमा छानबिन गरि पुनःनिर्माण गर्ने जानकारी गराउनु भयो । यहाँहरुको अमुल्य सुझावहरु अध्ययन मनन गरी कम्पनीले कार्य गर्ने छ भन्ने विश्वास दिलाउनु भयो ।

१२. उल्लेखित छलफल पछि सभामा प्रस्तुत प्रस्तावहरुलाई सर्व सम्मतिले स्विकृत गर्न अनुरोध गर्नु भयो ।

**सर्व सम्मतिले स्विकृत भएका निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव अन्तर्गत भएका निर्णयहरु** :

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

(२) आ.व.२०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु सभामा छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

(३) आ.व. २०८१/०८२ को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियूक्ति एवंम निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सम्बन्धमा छलफल हुँदा यस ङादी ग्रुप पावर लि.को आ.व.२०८१/०८२ को लेखा परिक्षण कार्य गर्न लेखापरीक्षक आई.पी मैनाली एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्सलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक वापत रु.३,००,०००/-(तीन लाख रुपैया) (कर बाहेक) तोक्ने निर्णय भयो ।

(४) आ.व.२०८०/०८१ मा संचालक समितिबाट भए गरेका सम्पूर्ण निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने निर्णय भयो ।

(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने सम्बन्धमा छलफल गर्दा यस कम्पनीको संचालक समितिले स्विकृत गरी साधारण सभामा पेश गरेको आ.व.२०८०/०८१ को संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने निर्णय पारित गरियो ।

(६) हकप्रद शेयर सम्बन्धमा छलफल गर्दा हकप्रद शेयर निश्काशनका लागि नेपाल धितोपत्र बोर्डमा निवेदन दर्ता भई प्रशोधन प्रक्रियामा रहेको जानकारी गराइयो । नेपाल धितोपत्र बोर्डबाट प्रशोधनका क्रममा पेश गर्नुपर्ने कुनै कागजात आवश्यक भएमा सो सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य गर्न सभाले सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने निर्णय भयो ।

**(ख) विशेष प्रस्तावहरुः**

**निर्णय नं.१)** कम्पनीको संचालक समितिको संख्या घटाउन नियमावलीमा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा छलफल हुँदा निम्न अनुसारको ३ महले सभामा जानकारी गराईयो

Ngadi Group Power Limited
ngpl
Kathmandu

**नियमावली संसोधन सम्बन्धि ३ महले**

| साविकको व्यवस्था | हाल प्रस्तावित संसोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| नियम २७. संचालक समितिको गठन, संख्या र कार्यकाल :-<br><br>(२) यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित र निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना यस क्षेत्रमा विशिष्टता हासिल गरेको व्यक्ति वा कुनै संघ/संस्थाबाट प्रतिनिधित्व गर्ने एक जना कानूनी व्यक्ति स्वतन्त्र संचालक हुनेछ । संचालक पद रिक्त हुन आएमा जुन वर्गबाट प्रतिनिधित्व गरेको संचालकको पद रिक्त हुन आएको हो सोही वर्गबाट सो रिक्त संचालक पद पूर्ति गरिनेछ । | नियम २७. संचालक समितिको गठन, संख्या र कार्यकाल :-<br><br>(२) यस कम्पनीमा ५ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित र निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित १ जना र १ जना यस क्षेत्रमा विशिष्टता, अनुभव हासिल गरेको व्यक्ति वा कानून व्यवसायसँग सम्बन्धित वा प्रचलित कानुनमा तोकिएको योग्यता पुगेको व्यक्ति स्वतन्त्र संचालक हुनेछ । संचालक पद रिक्त हुन आएमा जुन वर्गबाट प्रतिनिधित्व गरेको संचालकको पद रिक्त हुन आएको हो सोही वर्गबाट सो रिक्त संचालक पद पूर्ति गरिनेछ । | कम्पनीको निर्णय प्रकृया सहज, सरल र द्रुत गराउन साथै कम्पनीको खर्च कटौति गर्नुपर्ने भएकाले वार्षिक साधारण सभाको निर्णय अनुसार । |

उल्लेखित ३ महले बमोजिम कम्पनीको प्रबन्ध पत्र, नियमावलीमा निम्न बमोजिम संसोधन सम्बन्धि विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**संशोधित नियमावली**

**नियम २७. संचालक समितिको गठन, संख्या र कार्यकाल :-**

(२) यस कम्पनीमा ५ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित र निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित १ जना र १ जना यस क्षेत्रमा विशिष्टता, अनुभव हासिल गरेको व्यक्ति वा कानून व्यवसायसंग सम्बन्धित वा प्रचलित कानुनमा तोकिएको योग्यता पुगेको व्यक्ति स्वतन्त्र संचालक हुनेछ । संचालक पद रिक्त हुन आएमा जुन वर्गबाट प्रतिनिधित्व गरेको संचालकको पद रिक्त हुन आएको हो सोही वर्गबाट सो रिक्त संचालक पद पूर्ति गरिनेछ ।

Ngadi Group Power Limited ngpl Kathmandu

**निर्णय नं.२)** कम्पनी गाभ्ने, गाभिने वा प्राप्ती गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा समयअनुकूल कम्पनी गाभ्ने, गाभिने वा प्राप्ती गर्ने विषयमा सैद्धान्तिक सहमति प्रदान गर्दै आवश्यक परे विस्तृत छलफल गरी प्रकिया अगाडि बढाउने निर्णय पारित गरियो ।

**निर्णय नं.३** कम्पनीको प्रबन्धपत्र संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेर बदल वा सुझाव आएमा आवश्यक संशोधनका लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा छलफल हुँदा नियमनकारी निकायहरुबाट विशेष साधारण सभाले गर्नुपर्ने भनी कुनै फेरबदल संसोधन वा थपघट गर्नु पर्ने भए सो गर्न संचालक समितिलाई सम्पुर्ण अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**निर्णय नं.४** लगानी सम्बन्धमा छलफल गर्दा यस कम्पनीले आगामी दिनहरूमा जलविद्युत् आयोजनामा थप लगानी गर्ने योजना अगाडि बढाउने निर्णय भयो । यस क्रममा, हालको लगानी संरचनामा सुधार गर्दै, कम्पनीको दीर्घकालीन वित्तीय लक्ष्य पूरा गर्ने उद्देश्यले रणनीतिक लगानीकर्ताहरू, बैंक तथा वित्तीय संस्थाहरूसँग सहकार्य गर्ने साथै नयाँ परियोजनाहरूमा लगानी गर्न आवश्यक वित्तीय स्रोतहरूको खोजी तथा जोखिम व्यवस्थापन सम्बन्धी आवश्यक कदमहरू चाल्ने निर्णय भयो ।

(ग) विविध ।

(१) कम्पनीको बार्षिक साधारण सभाको विवरण (माइन्यूट)मा हस्ताक्षर गर्नको लागि कम्पनीका अध्यक्षज्यू र संचालक सुधांशु तुलस्यानज्यूले हस्ताक्षर गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

१३. धन्यवाद ज्ञापन :

सभा समक्ष राखिएका सम्पूर्ण प्रस्ताव उपर छलफल भई छलफलका विषयहरु समेत सम्पूर्ण पारित भई सकेकोले सभामा उपस्थित सबैलाई सभापतिज्युले धन्यवाद दिनुभयो ।

१४. सभा समापन :

अन्तमा सभामा प्रस्तुत छलफलका सम्पूर्ण विषयहरु समेत सर्वसम्मतिले पारित भई सकेकाले कम्पनीको साधारण सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले धन्यवाद दिदै कम्पनीको एघारौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।
तत्पश्चात विहानको १०:३० बजे सभा समापन भयो ।

| | | |
|---|---|---|
| ..................... (सुधांसु तुलस्यान) संचालक | Ngadi Group Power Limited ngpl Kathmandu | ............................ भोगेन्द्र कुमार गुरागाई अध्यक्ष |